REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 11.11.2024

CM inaugurates Gompa: CM Facebook

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले उत्तर सिक्किमका फुदुङमा डेन्जोङ मिन्ड्रोलिङ साङदोक-पाल्री गुम्पाको उद्घाटन गर्नुभयो, जुन राज्यको आध्यात्मिक र सांस्कृतिक परिदृश्यमा एक महत्त्वपूर्ण कोसेढुङ्गा हो। संसारको सबैभन्दा ठूलो साङदोक-पाल्री गुम्पाका रूपमा मान्यता प्राप्त यो गुम्पा सिक्किमको समृद्ध सम्पदा र बौद्ध परम्पराको प्रमाण हो। मुख्यमन्त्रीले सम्बोधनमा भन्नुभयो, उत्तर सिक्किमका फुदुङमा नवनिर्मित यस गुम्पाको उद्घाटन समारोहमा सहभागी हुनु अति सम्मानको कुरा हो। यो महत्त्वपूर्ण क्षणले हाम्रो सांस्कृतिक सम्पदाप्रतिको गहिरो प्रतिबद्धतालाई झल्काउनुका साथै भव्य आध्यात्मिक भवनको समापनलाई दर्शाउँदछ। उहाँले सरकारले गुम्पाको दिगो विकास र पहुँच सुनिश्चित गर्न पूर्वाधारमा आवश्यक सुधार गर्ने प्रतिबद्धता जनाउँदै गुम्पाका लागि आफ्नो सहयोग सदैव रहने बताउनुभयो। साथै, उहाँले यो गुम्पा हाम्रो सांस्कृतिक र आध्यात्मिक परिदृश्यको अत्यावश्यक अङ्ग भएकाले यसको सङरक्षण र सम्वर्द्धनमा सक्रिय भूमिका खेल्न स्थानीयबासीलाई आग्रह गर्नुभयो र यस पूर्वाधारको अथाह सम्भावनालाई धार्मिक पर्यटनको महत्त्वपूर्ण केन्द्रका रूपमा विकास गर्ने अपार सम्भावनाबारे प्रकाश पार्नुभयो। मुख्यमन्त्रीले यस गुम्पामा बिजुली आपूर्ति सिक्किम सरकारले गर्ने घोषणा पनि गर्नुभयो।

MP Subba-Standing Committee: Newspaper

आज सांसद श्री इन्द्रहाङ सुब्बा खाद्य, उपभोक्ता मामिला तथा सार्वजनिक वितरण सम्बन्धी स्थायी समितिको दुईवटा बैठकमा सहभागी हुनुभयो। पहिलो बैठक बिहान, खाद्य तथा सार्वजनिक वितरण विभागका लागि भएको थियो भने दोस्रो बैठक दिउँसो उपभोक्ता मामिला विभागका लागि भएको थियो। दुवै बैठक समितिका अध्यक्ष श्रीमती कनिमोझी करुणानिधिका अध्यक्षतामा सम्पन्न भएको

थियो। मुख्य छलफल खाद्य सुरक्षा सुधार, सार्वजनिक वितरण प्रणाली सुदृढीकरण, मूल्य स्थिरता र खाँचोमा परेका सबैक ा लागि खाद्य पहुँच सुनिश्चित गर्नमा केन्द्रित थियो।

Karanjit-Sikkim Visit: Newspaper

स्वच्छ भारत मिशन ग्रामीणका निर्देशक श्री करनजीत सिंहले, जल शक्ति मन्त्रालयका सल्लाहकार श्री सुचेता देबका साथ नोभेम्बर 9-11 सम्म सिक्किमको तीन दिने भ्रमण गर्नुभयो। भ्रमणको उद्देश्य पहिलो ओडीएफ प्लस नमूना राज्यका रूपमा मान्यता प्राप्त सिक्किममा सरसफाइ पहलहरूको कार्यान्वयन मूल्याङ्कन गर्नु रहेको थियो। भ्रमणका क्रममा, सामुदायिक सरसफाइ परिसर, सुक्खा फोहोर छुट्याउने शेड, कम्पोस्ट खाडल र रिसोर्स रिकभरी सवारी साधनलगायत विभिन्न सरसफाइ सम्पत्तिहरूको निरीक्षण गरियो। टोलीले अरिथाङ चोङराङ रिसोर्स रिकभरी सेन्टरको भ्रमण गर्नाका साथै स्वच्छ भारत मिशन ग्रामीण अन्तर्गत निर्माण गरिएका सरसफाइ सुविधाहरूको निरीक्षण गऱ्यो।

CM-Players Agartala: CM Facebook

आज मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सन्तोष ट्रफी २०२४-२५ को अठत्तरौँ राष्ट्रिय फुटबल च्याम्पियनसिप खेल्न अगरतलाको यात्राका तयारीमा रहेको टिम सिक्किमका प्रशिक्षक र खेलाडीहरूसँग भेट गर्नुभयो। उहाँले टोलीका सबैलाई शुभकामना दिँदै जोस, टिमवर्क र सच्चा खेलाडीको मनोभाव लिएर खेल्न प्रोत्साहन दिनुभयो। साथै, टोलीले राज्यको गौरव बढाउने पनि उहाँले आशा व्यक्त गर्नुभयो।

Sanjay Gold: News paper

सिक्किमका एथ्लिट सञ्जय बुढाथोकीले थाइल्याण्डको श्रीराचा, चोनबुरीमा सम्पन्न विश्व पावरलिफ्टिङ च्याम्पियनसिपमा तीन स्वर्ण पदक जितेका छन्। वरिष्ठ पुरुष ११० केजी तौल समूहमा प्रतिस्पर्धा गर्दै, बुढाथोकीले बेन्च प्रेस, डेडलिफ्ट र स्क्वाट इभेन्टमा आफ्नो उल्लेखनीय शक्ति र सीप प्रदर्शन गरेर प्रथम

स्थान हासिल गरे। उनको उत्कृष्ट प्रदर्शनले उनलाई स्वर्ण पदक जिताएको मात्र छैन तर सिक्किम र यहाँका जनतालाई गौरवान्वित पनि तुल्याएको छ।

Gold Cup: Sagar Chettri

अहिले पाल्जर स्टेडियममा चलिरहेको अल इण्डिया गभर्नर गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता २०२४ को प्री-क्वार्टर फाइनलमा चेन्नाइयिन फुटबल क्लब पनि प्रवेश गरेको छ। आज भएको अन्तिम क्वालिफाइङ खेलमा चेन्नाइयिन एफसी, पंजाब पुलिसलाई ३-१ ले पराजित गरेर यस चरणमा प्रवेश गरेको हो। दुवै टोलीले खेल अवधि आक्रमण र प्रतिआक्रमण गर्दै एकअर्कामाथि बलियो दबाब कायम राखे। खेलको तीन मिनेटमा चेन्नाइयिन एफसीले पेनाल्टी शटको फाइदा लिँदै प्रारम्भिक अग्रता लिने सुनौलो मौका पाएको थियो। भोली, प्रतियोगिताको पहिलो प्रि-क्वार्टर फाइनल खेल सिक्किम पुलिस र गोकुलम फुटबल क्लब केरलाबीच हुनेछ। सिक्किम पुलिस,  कालीघाट एमएस कोलकातालाई हराएर र गोकुलम एफसी सिधै प्रि-क्वार्टर फाइनलमा प्रवेश गरेको हो।